'समानो मन्त्रः समितिः समानी'

# UNIVERSITY OF NORTH BENGAL

B.A. Programme 5th Semester Examination, 2023

## GE1-P1-NEPALI

Time Allotted: 2 Hours — Full Marks: 60

*The figures in the margin indicate full marks.*

**The question paper contains GE-1A and GE-1B.**
**The candidates are required to answer any *one* from *two* Courses.**
**Candidates should mention it clearly on the Answer Book.**

## GE-1A

### नेपाली कथा

### समूह-क

1. कुनै ***चारवटा*** प्रश्नका उत्तर लेख्नुहोस् — 3×4 = 12

(क) कथामा दृष्टिविन्दु भन्नाले के बुझिन्छ ? यी कति प्रकारका छन् ?

(ख) नरबहादुर दाहाल कुन प्रवृत्तिका कथाकार हुन् ? उनको कुनै तीनवटा कथाका नाम लेख्नुहोस्।

(ग) 'ठीक निर्णय लिएछु' कथामा के कस्ता निर्णय लिइएका छन् ? स्पष्ट पार्नुहोस्।

(घ) 'मान्छे मान्छेकै बस्तीभित्र' कथाका कथाकार को हुन् ? उनका कुनै तीनवटा कथा सङ्ग्रहको नाम लेख्नुहोस्।

(ङ) प्रकाश 'कोविद्' कुन प्रवृत्तिका कथाकार हुन् ? उनको कुनै दुईवटा कथाका नाम लेख्नुहोस्।

(च) कथावस्तु भन्नाले के बुझिन्छ ? यसका कति प्रकार छन् ? के के ?

### समूह-ख

2. तलका कुनै ***चारवटा*** विषयमा टिप्पणी लेख्नुहोस् — 6×4 = 24

(क) कथाकार परशुराम रोका

(ख) कथामा मिथकको प्रयोग

(ग) 'ढिकी' कथाको मनोवैज्ञानिक पक्ष

(घ) 'परमत्याग' कथाको कथावस्तु

(ङ) दृष्टिबिन्दु र यसका प्रकार

(च) गुप्त प्रधानका कथा-प्रवृत्ति

### समूह-ग

3. कुनै ***दुईवटा*** प्रश्नका उत्तर लेख्नुहोस् — 12×2 = 24

(क) नेपाली कथाका क्षेत्रमा नरबहादुर दाहालको योगदानबारे चर्चा गर्दै 'स्मृति' कथाको समीक्षा गर्नुहोस्।

(ख) कथामा चरित्र चित्रणका आधारहरू चिनाउँदै 'डल्लेको कथा' कथाको पात्र डल्ले राईको चरित्र चित्रण गर्नुहोस्।

(ग) गाब्रियल राणाका कथाप्रवृत्तिबारे चर्चा गर्दै उनको 'कलकत्ता सहरभित्र जन्मेको कथा'- कथाको समीक्षा प्रस्तुत गर्नुहोस्।

(घ) कथाको अर्थ र परिभाषा प्रस्तुत गर्दै भारतीय नेपाली कथाको वर्तमान स्थितिबारे चर्चा गर्नुहोस्।

## GE-1B

### नेपाली बाल साहित्य

### समूह-क

1. कुनै ***चारवटा*** प्रश्नका उत्तर लेख्नुहोस् — $3\times4 = 12$

(क) बाल साहित्यको अर्थ र परिभाषा लेख्नुहोस्।

(ख) बालभाषा भन्नाले के बुझिन्छ ? स्पष्ट पार्नुहोस्।

(ग) 'अनौठो देशमा एलिस' कुन भाषाबाट नेपालीमा अनुवाद गरिएको हो ? अनुवादकको नाम पनि लेख्नुहोस्।

(घ) कुनै तीनजना भारतीय नेपाली बाल साहित्यकारका नाम औ एक-एकवटा कृतिका नाम पनि लेख्नुहोस्।

(ङ) वीर खड्गबहादुर विष्ट-ले किन अनि कसको रक्षा गरेका थिए ?

(च) बाल साहित्य कति उमेर सम्मका नानीहरूका निम्ति हो ? स्पष्ट पार्नुहोस्।

### समूह-ख

2. कुनै ***चारवटा*** विषयमा टिप्पणी लेख्नुहोस् — $6\times4 = 24$

(क) बाल साहित्यको विशेषता

(ख) बाल कविता

(ग) बाल साहित्यकार सुवास दीपक

(घ) बाल साहित्यको आवश्यकता र महत्त्व

(ङ) बाल-बालिकाको मानसिक विकासमा बाल साहित्यको योगदान

(च) वीर खड्गबहादुर विष्ट

### समूह-ग

3. कुनै ***दुईवटा*** प्रश्नका उत्तर लेख्नुहोस् — $12\times2 = 24$

(क) बाल साहित्यको विकासमा खिरोदा खड्काको स्थान निर्धारण गर्दै 'अमर आदर्श जीवनी'-को विवेचना गर्नुहोस्।

(ख) सुवास दीपकलाई बाल साहित्यकारका रूपमा चिनाउँदै 'अभिषेक' उपन्यासको विश्लेषण गर्नुहोस।

(ग) वर्तमान समयमा बाल साहित्य लेखनको स्थितिबारे अवगत गराउँदै यसका समस्या र चुनौतीबारे प्रकाश पार्नुहोस्।

(घ) बाल साहित्य र प्रौढ साहित्य माझको समानता र भिन्नताबारे चर्चा गर्नुहोस्।

———×———